प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, रोल्पा**

फोन नं.-०८६-४४०११८, ४४०३०२
Email: akcrolpa@gmail.com
Website: akcrolpa.p5.gov.np

प.सं.-२०७७/०७८
च.न.-

# प्रस्ताव आह्वानको सुचना

**प्रकाशन मितिः२०७७/०८/९**

कृषि ज्ञान केन्द्र रोल्पा आ.व.२०७७/०७८को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम/लगानीका क्षेत्रहरुमा रोल्पा जिल्लाका ईच्छुक उद्यमी/कृषक/समुह/समिति/सहकारी/निजी फर्म/कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (पुस ८)भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र रोल्पामा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

## तपशिल

| क्र स | लगानी को क्षेत्र | मापदण्ड | सन्चालन गर्न कियाकलापहरु | अनुदान रकम बढीमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि महिला उद्यमी सहयोग अनुदान कार्यक्रम | • महिला कृषकका लागि उपयुक्त बालीवस्तुलाई प्राथमिकता दिई सञ्चालन गरिनुपर्ने,<br>• च्याउ, तरकारी, अदुवा, बेसार, अन्य आदि र सूचना अवधि भित्र महिला उद्यमीले कृषि व्यवसाय सञ्चालनका लागि माग गरिएको आवेदन पत्र हुनुपर्ने,<br>• बालीको उत्पादनको हकमा प्रति प्रस्ताव आधा हेक्टरको क्षेत्रफल र च्याउ खेतीको लागि न्यूनतम ८०० गोलामा च्याउ उत्पादन गर्नुपर्ने। | कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि बस्तु उत्पादन, सिंचाई, प्रशोधन तथा बजारीकरण। | प्रति स्वीकृत प्रस्ताव ५० प्रतिशत वा रु १ लाख मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध गराउने। | |
| २ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान सहयोग कार्यक्रम | **आलु /प्याज/ मसला / तरकारी बाली/ फलफुल बाली हकमा**<br>• गत आ.ब को कार्तिक महिना देखी चालु आ.ब.को असोज मसान्त सम्म कम्तिमा प्रति सदस्य प्रति बर्ष १ मे. टन सम्म र प्रति सहकारी ५० मे. टन सम्म उत्पादन गरेको हुनुपर्नेछ ।<br>• कृषकले आफ्नै फर्ममा उत्पादन हुनुपर्ने।<br>• कृषक समुहकम्पनी /सहकारी /मा आबद्ध कृषकहरुको तर्फबाट प्रस्ताव पेश गर्न सक्नेछन। | | **आलु /प्याज/ मसला / तरकारी बाली/ फलफुल बाली हकमा**<br>बढिमा प्रतिकेजी रु २ का दरले प्रोत्साहन स्वरुप कृषक वा सस्था लाइ अनुदान उपलब्ध गराइने छ। | कृषक/ समुह/ सहकारी को लागी मात्र |
| | | • **खाद्यन्न तथा तरकारी बीउको हकमा**<br>• गत.आ.ब.को कार्तिक महिना देखी चालु .आ.ब.असोज मसान्त सम्म खाद्यन्न, दलहन ,तेलहन बालीको बीउ उत्पादन गरेको हुनु पर्ने ।कृषक समुहका प्रति सदस्य प्रति बर्ष कम्तिमा २०० केजी , समुहले प्रति बर्ष कम्तीमा १००० केजी , सहकारी संस्थाको हकमा प्रति सदस्य ५०० केजी, सहकारी संस्था मार्फत भए प्रति बर्ष कम्तिमा १००० केजी स्रोत बिउ उत्पादन गरी प्रमाणीकरण गरेको हुनुपर्ने।<br>• उन्नत बिउको हकमा प्रति सदस्य प्रति बर्ष कम्तीमा ४०० केजी , समुहले प्रति बर्ष २००० केजी , सहकारी संस्थाको हकमा प्रति सदस्य १००० केजी, सहकारीले प्रति बर्ष कम्तिमा १०,००० केजी उन्नत बीउ उत्पादन गरी प्रमाणित गरेको हुनु पर्नेछ ।<br>• तरकारी बालीको हकमा स्रोत बीउ प्रयोग गरी कृषक/कृषक समुह/सहकारीले कम्तिमा २५ केजी उन्नत बीउ उत्पादन गरेको हुनु पर्ने<br>• प्रस्ताबित बाली तथा बस्तुको अनिवार्य बिमा गरेको हुनुपर्ने । | | • **खाद्यन्न बीउको हकमा**<br>• स्रोत बीउमा बढीमा प्रतिकेजी रु ८ का दरले र उन्नत बीउमा बढीमा प्रतिकेजी रु ५ का दरले ।<br>• **तरकारीको हकमा**<br>उन्नत बीउमा बढीमा प्रतिकेजी रु ५० का दरले प्रोत्साहन स्वोरुप कृषक वा सस्था लाइ अनुदान उपलब्ध गराइने छ। | |

अरमणि पोखरेल
कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | चक्ला बन्दी सहितको नमुना फर्म स्थापना कार्यक्रम | कार्यक्रम संचालनको लागी ४० रोपनी जग्गा भएको हुनुपर्नेछ। बिगत २ आ.ब. भित्र सोही प्रयोजन का लागी कुनै पनी अनुदान नलीएको हुनु पर्नेछ। | पूर्वाधार बिकास उत्पादन सामाग्री यान्त्रिकीकरण प्रशोधन तथा बजारीकरण | प्रति स्वीकृत प्रस्ताव ५० प्रतिशत वा रु २ लाख ५० हजार मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध गराउने। | |
| ४ | फलफुल बिरुवा रोपण अभियान कार्यक्रम (आँप, लिची , सुन्तला ,कागती, केरा, स्याउ , ओखर र किवि आदि। | १ (एक) हेक्टर साथै फलफुल बिरुवा रोपण अभियान कार्यक्रम संचालन कार्यविधि २०७६ अनुसार हुनेछ। अनुसुचि १ बमोजिमको कागजात पेश गर्नु पर्नेछ। साथै कृषक समूह /कृषिसहकारी /निजि फर्म/ बिद्यालय /कलेजं / टोल बिकास समिति/ क्लब /गुठी/ सार्बजनिक संस्थाले प्रस्ताब पेश गर्न पाउनेछन। | बिरुवा खरिद तथा ढुवानि, खाडल तयारी ,सिचाइ ब्यबस्थापन सामग्रीहरु( थोपा सिचाइ,पाइप पानी तान्ने मेसिन तथा पानी संकलन पोखरी),बिरुवा तथा बगैचा को सुरक्षा (तारबार बाँयो फन्सिङ्ग) | कुल लागतको ५०% वा प्रति हेक्टर एक लाख | |

प्रदेश सरकार लुम्बिनी प्रदेश कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र रोल्पा

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरु:</u>

१प्रस्तावकको सक्कल निवेदन

२.कृषक समुह/ निजि फर्म/ कृषि सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी सथै सहकारीको हकमा सधारण सभा भएको भए गत आ.ब को प्रतिबेदन।

३.स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि

४.गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि

५.कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव

६.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

७.प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

८.प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

९.निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

१०.कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा १० वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपी ।

***नोट** : थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, रोल्पामा सम्पर्क राख्नु हुन तथा कार्यालयको फोन नं. ०८६४४०११८ र ०८६४४०३०२ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ साथै* **कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा र निवेदनको ढाँचा** *कृषि ज्ञान केन्द्र, रोल्पाको Website <u>akcrolpa.p5.gov.np</u> मा प्रस गर्न सक्नुहुनेछ।*

भरमणि पोखरेल
कार्यालय प्रमुख